पोखरा उपत्यका साइडसिन घुम्न जाऔं
घुमाउने ठाउँहरू
बेगनास-रुपा ताल, पचभैया बन्यजन्तु पार्क (चिडिया घर), पुम्दीकोट, स्तुपा, डेभिडफल, भ्यूटावर, चमेरे गुफा, विन्दवासिनी मन्दिर, माउन्टेन म्यूजियम लगायतका ठाउँहरु साथै मुक्तिनाथ जान आउनको लागि बसको सुबिधा।
गाडी छुट्ने समय
बिहान ९:३० बजे

सम्पर्कः मानसरोबर टुर्स एण्ड ट्राभल्स
061-544439, 589012, 9856051659
9856034631, 9856082622

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २६ ❑ अङ्क ४७ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८१ फागुन १७ गते शनिबार ❑ 1 March. 2024 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-

## प्रदेशलाई स्केप गोट बनाउन खोजियो: गगन थापा

**पोखरापत्र संवाददाता**
पोखरा, १६ फागुन

रोजगारी र शिक्षाका लागि विदेशी युवाको भीड दैनिक त्रिभुवन अन्तराष्ट्रिय विमानस्थल देखिन्छ। आर्थिक वर्ष २०८०/८१ सालमा ७ लाख ४१ हजार युवा रोजगारीका लागि विदेश गएको वैदेशिक रोजगार विभागको तथ्यांकले देखाउँछ । नेपालीहरु वैदेशिक रोजगारीमा सबैभन्दा बढी यूएई जान्छन् ।

पछिल्लो समय यूरापेली देशमा पनि नेपालीले आफनो गन्तव्य रोज्न थालेका छन् । वेरोजगारी, विदेश पलायन, राजनीतिक अस्थिरताको प्रभाव समाजमा प्रत्यक्ष परिरहेको छ । समाजमा देखिएको निराशा पछिल्लो समय सडकमा अराजकतामा परिणत हुँदै देखिनपनि थालिएको छ । समाजमा देखिएको निराशाको कारण के ? समाजमा आशालाग्दा विषय नभएका हुन् ? यही विषय पोखरामा भइरहेको १२ औं एनसेल फाउन्डेसन नेपाल लिटरेचर फेस्टिभलमा अन्तरसंवाद भयो । सरकारले निराशा चिर्न परिणाममुखी काम गर्न सक्नु अहिलेको कमजोरी रहेको नेपाली कांग्रेसका महामन्त्री गगन थापाले बताए । फेस्टिभलमा भइरहेको निराशा : व्याख्या र वास्तविकता सत्रमा वक्ता रुपमा बोल्दै थापाले सरकारमा सेन्स अफ अर्जेन्सी नभएको विचार राखे ।



'निराशालाई चिर्नका लागि एक्सन र रिजल्टबाट हुनुपर्ने कुराहरुमा मजाले मस्ती छ मसँग संख्या छ दुईतीहाई छ भनेको जस्तो जून चाहिँ ढुक्क देखिन्छ । सेन्स अफ अर्जेन्सी देखिदैन,' गगनले भने । सहजकर्ता तथा पत्रकार उमेश चौहानको प्रश्नको जवाफ दिँदै सत्रमा आएर आफूले प्रश्न गरिरहँदा सरकारको कमिकमजोरीबाट आफूपनि भाग्न नमिल्ने गगनको भनाइ थियो । ' त्यो नदेख्दै गर्दा मेरो पनि प्रश्न नै प्रश्न छ तर यसको अर्थ मैले यहाँ प्रश्न गरे यो गरे भन्ने होइन म सरकार सञ्चाल गर्ने जिम्मेवार ठाउँमा भएकाले मेरो संलग्नता भए पनि नभएपनि यसभित्र भएका कमीकमजोरी बाट म भाग्न हुँदैन भाग्दिनँ, यसको सबै दोष पनि मैले यहाँबाट भोगेर जानुपर्छ,'गगनले भने । निराशाकै बिचमा आशा रहेको टिच फर नेपाल फेलोसिपकी सहसंस्थापक एवं प्रमुख कार्यकारी अधिकृत स्वास्तिका श्रेष्ठले भनिन् । 'चूनौती छैन भन्ने खोजेको पनि होइन फेरि आशा भनेको एकदमै अन्धो आशा भन्न खोजेको पनि होइन समूदायमा आशापनि छ निराशा पनि छ । आशालाग्दा कुरापनि छ अप्ठ्यारो पनि छन् । तर हाम्रो प्राथमिकता के हुन्छ भने यो कसको जिम्मेवारी हो,' स्वास्तिकाले भनिन् ।

सत्रमा वक्ताका रुपमा बोल्दै राजनीतिशास्त्रमा विद्यावारिधि गरेकासोसल साइन्स बहाःका सह-निर्देशक जीवन बानियाँले नेपालमा मात्र निराशा रहेको देश नभएको सुनाए । तर, निराशाको विन्दु र तत्वहरु मुख्य रहेको उनको भनाइ थियो । 'नेपालमात्र त्यस्तो देश होइन जहाँ निराशा छ । त्यही कुरा हो कि अलिकति निराशाको रेट कति छ ? कारक तत्वहरु के हो ? भन्ने कुरामा चाहिँ फरक हुनसक्छ । नेपालको सन्दर्भमा प्रमुख कारणहरु देखिन्छ । पहिलो कुरा भनेको रोजगारी, दोस्रो हाम्रो राजीनित यीनलाई विभिन्न अध्ययनहरुले पनि त्यही नै देखाइरहेको छ,'जीवनले भने । अस्थिर राजनीति र शासन व्यवस्थाले पनि समाजमा सोही खाल्को प्रभाव पर्ने उनले विचार राखे । यस्तै नेपालले कुनैपनि क्षेत्रमा राम्रो काम गर्न सकिरहेको विचार गलत रहेको सुनाए । विभिन्न क्षेत्रमा गरिरहेको काम आशा लाग्दो रहेको उनको भनाइ थियो । 'केही नभएको भने होइन । अहिले स्वास्थ्य सेवामा, धेरै राम्रो गरेको छ । आइटी, हाइड्रोमा राम्रो काम गरिरहेका छौं,'उनले भने । यस्तै दर्शकबाट वक्ताहरु छवि सुबेदीले प्रश्न गर्दै भने,'नेपाली जनता किन विदेशीन थाले ? नेपाली विद्यार्थी जगतले देश किन छोड्यो ? यसको चिन्ता खै माननीय गगन ज्यू तपाईं युवा भनेर देशका जनताले आशा गरेका हुन् ?' त्यसै क्रममा अर्का दर्शकले गगनलाई प्रदेशप्रति निराशा भइरहेको प्रश्न गरेका थिए । 'दलले बहुमत ल्याउनु सक्दैन भन्ने कुरामा सुधार गर्नुपर्छ । अर्को कुरा प्रदेशमा अधिकार आउनुपर्थ्यो । प्रदेश बलियो हुनुपर्थ्यो यति दुख गरेर ल्याएको व्यवस्थामा यो प्रदेश माथि यति धेरै आक्रमण भइरहेछ। केन्द्रको अधिकार प्रदेशमा ल्याउन कुरा मतलब नै गरे छैन प्रदेश प्रति निराशा भइरहेको छ,'तीनले भने ।

यसको जवाफ दिँदै थापाले प्रदेशलई स्केप गोट बनाउन खोजेको उत्तर दिए । 'हामीले संघले प्रदेशलाई दिनुपर्ने अधिकार केहीपनि नदिइकन संघीयताको सही अभ्यास नगरिकन फेरिक एउटा स्केप गोट प्रदेशलाई बनाउन खोजिरहेका छौं,'गगनले उत्तर दिए ।

## 'चाडपर्वले राष्ट्रिय एकता सुदृढ हुन्छ'

**पोखरापत्र संवाददाता**
पोखरा, १६ फागुन

शेर्पा समुदायको महान् पर्व ग्याल्पो ल्होसारको अवसरमा शुक्रबार शुभकामना सन्देश दिँदै गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले चाडपर्वले राष्ट्रिय एकता सुदृढ हुने बताउनुभएको छ ।

पारिवारिक एवं सामाजिक मेलमिलाप अभिवृद्धि गर्ने अवसरका रूपमा यस पर्वलाई लिइने उहाँको भनाइ छ। "यस्ता पर्वहरूको माध्यमबाट सबै नेपालीबीच आपसी एकता, सद्भाव र बन्धुत्वको भावना अभिवृद्धि हुन गई हाम्रो बृहत् राष्ट्रिय एकतालाई थप सुदृढ गर्न सघाउ पुग्नेछ भन्ने कुरामा म विश्वस्त छु", मुख्यमन्त्रीद्वारा जारी शुभकामना सन्देशमा उल्लेख छ । ग्याल्पो ल्होसारले सम्पूर्ण नेपालीहरूबीच आपसी सद्भाव, प्रेम, एकता र बन्धुत्वको भावना अभिवृद्धि गर्ने उहाँको विश्वास छ । गण्डकी प्रदेश सरकार सबै जाति, भाषा, धर्म, समुदाय र संस्कृतिको पहिचान, अपनत्व र अधिकारलाई स्थापित गर्दै सुदृढ गर्न क्रियाशील रहेको मुख्यमन्त्री पाण्डेले जनाउनुभएको छ । हिमाली क्षेत्रमा बसोबास गर्ने शेर्पा समुदायलगायत महायान बौद्ध परम्परामा चन्द्रमास गणना गरी फागुन शुक्लपक्ष प्रतिपदा तिथिका दिन नयाँ वर्ष सुरु हुने विश्वाससहित ग्याल्पो ल्होसार मनाइन्छ ।

यस पर्वको अवसरमा शेर्पा समुदायले आफ्नो गाउँघर, टोलमा रहेका बाटोघाटो तथा पानीका मूलको सरसरफाइ गर्ने, नौ प्रकारको अन्न मिसाइएको परिकार गुथुक र खाप्से सबैजना मिलिजुली खाने तथा आपसमा शुभकामना आदानप्रदान गर्दै नयाँ वर्षको स्वागत गर्ने परम्परा रहेको छ । ग्याल्पो लोसारका अवसरमा सरकारले शुक्रबार सार्वजनिक बिदा दिएको छ ।

## राष्ट्रपति रामचन्द्र पौडेल शनिबार पोखराको सराङ्कोटमा आउने

**पोखरापत्र संवाददाता**
पोखरा, १६ फागुन

राष्ट्रपति रामचन्द्र पौडेल शनिबार पोखराको पर्यटकीय गाउँ सराङ्कोटमा आउनु हुने भएको छ ।



यही फाल्गुन १४ गते सराङ्कोटमा सुरु भएको श्रीमद् भागवत ज्ञान महायज्ञ एवम् धार्मिक पर्यटन महाउत्सवको अवसरमा राष्ट्रपति पौडेलबाट सराङ्कोटमा निर्माण भएका ३५ करोडका भौतिक संरचनाको औपचारिक रुपमा उद्घाटन गर्न उहाँ आउनु हुने भएको हो । राष्ट्रपति पौडेलको शनिबार बिहान १० :०० बजे काठमाण्डौंबाट नेपाली सेनाको हेलिकोप्टर मार्फत सिधै सराङ्कोटमा अवतरण गर्नुहुने कार्यक्रम तय भएको राष्ट्रपति कार्यालयका उपसचिव इश्वरी पाण्डेले बताउनु भयो । उहाँका अनुसार कास्कीमा राष्ट्रपति पौडेलको पहिलो कार्यक्रम हो । उहाँले उक्त कार्यक्रमको उद्घाटन गरे पश्चात सराङ्कोटबाटै सिधै काठमाण्डौं फर्किने स्याडुल रहेको पाण्डेले जनाउनुभयो।सराङ्कोटमासराङ्कोट

बाँकी अन्तिम पृष्ठमा ▶▶

## पुम्दीकोटको महायज्ञबाट करिब डेढ करोड संकलन

**पोखरापत्र संवाददाता**
पोखरा, १६ फागुन

पोखरा २२ को पुम्दीकोट बिशाल महादेवको मुर्ति परिसरमा आयोजना भएको श्रीमद्भागवत ज्ञान महायज्ञ एवं महाशिवरात्री महिमा बाट करिब १ करोड ५० लाख रुपैया आर्थिक संकलन भएको छ ।

फागुन ७ गते देखि सुरु भएको महायज्ञको आज औपचारिक रुपमा समापन गर्दै पुम्दीकोट कोट विकास समितिले उक्त रकम संकलन भएको जनाएको हो ।

महायज्ञ सम्पन्न गर्न करिब ७० लाख खर्च भएको समितिले जनाएको छ । महायज्ञबाट बचत भएको रकम त्यहाँको पर्यटन पूर्वाधार विकास निर्माणमा खर्च गर्ने योजना रहेको समितिका अध्यक्ष एवं मुल समारोहका संयोजक चन्द्रकान्त बरालले बताउनु भयो ।



पुम्दीकोट आउने पर्यटकहरुको एक दिनको बसाई अवधि लम्बाउने उद्धेश्यले पुम्दीकोटमा साँझमा लेजरलाइट मार्फत शिवको मुर्तिलाई पर्दा बनाई शिव ताण्डव नृत्य तथा महादेवको जीवन लीला सहितको बृत्तचित्र प्रर्दशन गर्ने उद्धेश्य रहेको उहाँले जनाउनु भयो । भुमेश्वर महादेव देखि सुमेरु पर्वतसम्म पहुचका लागि सिसाको पुल ग्लास बृज निर्माण गर्ने लक्ष्य समेत राखिएको छ भने हरियाली उद्यान बनाउने, पुम्दिकोटका मुख्य तीन द्वारहरु छोरेपाटन, तिलार र फलेटेमा शिव धामको गेट निर्माण गर्ने, मुल मुर्तिको मर्मत सम्भार गर्ने, दान दाताहरुको नाम शिलालेख र स्तम्भ बनाउने लगायतका उद्धेश्य रहेको अध्यक्ष बरालले बताउनु भयो । उक्त महायज्ञका प्रमुख वाचक भागवत मन्जरी माता राधिका दासी रहनु भएको थियो ।

यसैबिच, महायज्ञको शुक्रबार औपचारिक रुपमा समापन गर्दै महायज्ञ सफल पार्न सहयोग गर्नेहरु विभिन्न संघ संस्था तथा व्यक्तिहरुलाई प्रशंसा पत्रले सम्मान गरिएको समितिका व्यबस्थापक रुद्रनाथ पौडेलले बताउनु भयो । प्रतिनिधि सभा सदस्य दामोदर पौडेल (वैरागी) ले समापन समारोहमा प्रशंसा पत्र वितरण गर्दै पुम्दीकोटको बिकासमा समन्वय गर्ने वचन दिनुभयो । समितिका अध्यक्ष चन्द्रकान्त बरालले महायज्ञ सफल पार्न सहयोग गर्नेहरुलाई धन्यवाद तथा आहार व्यक्त गर्नु भएको छ ।

## स्थानीय सरकार सधैँ जनताप्रति उत्तरदायी र संवेदनशील हुनुपर्छ : मन्त्री गुरुङ

**पोखरापत्र संवाददाता**
लमजुङ, १६ फागुन

नेपाल कम्युनिष्ट पार्टी (एमाले)का केन्द्रीय उपमहासचिव एवं सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वीसुब्बा गुरूङले स्थानीय सरकार सधैँ जनताप्रति उत्तरदायी र संवेदनशील हुनुपर्ने बताउनुभएको छ । नेकपा (एमाले) लमजुङद्वारा बेँसीसहरमा शुक्रबार आयोजित भेलालाई सम्बोधन गर्दै उहाँले स्थानीय सरकार जनताको सबैभन्दा नजिकको सरकार रहेकाले जनताको समस्या नजिकबाट नियाल्नुपर्छ भन्नुभयो ।

स्थानीय सरकारले जनताले अनुभूत गर्नेगरी काम गर्नुपर्नेमा जोड दिँदै सरकारका प्रवक्तासमेत रहनुभएका मन्त्री गुरूङले सरकार जहिले पनि सुशासन एवं पारदर्शिता कायम गर्नुपर्ने तथा राष्ट्र र जनताप्रति उत्तरदायी हुनुपर्ने बताउनुभयो। त्यस्तै, उहाँले स्थानीय सरकारले संविधानले दिएको अधिकारलाई प्रयोग गर्नतर्फ अग्रसर हुँदै जनताको सेवामा लाग्दै जनताको मन जित्नुपर्ने बताउनुभयो। सरकारलाई प्रभावकारी रूपमा अघि बढाउन दीर्घकालीन योजना निर्माण गरी त्यसअनुरूप बजेटको व्यवस्था गर्नुपर्ने उहाँले बताउनुभयो । स्थानीय सरकारले गरेका राम्रा कामका प्रचार गर्न नसक्दा जनताप्रति निराशा छाएको उहाँले बताउनुभयो । सञ्चारमन्त्री गुरूङले वर्तमान सरकार जनताका आवश्यकताप्रति संवेदनशील रहको र जनताका समस्या समाधानमा सरकार लागिपरेको बताउनुभयो। जनताप्रति संवेदनशील

बाँकी अन्तिम पृष्ठमा ▶▶

सुपथ मूल्यमा आकर्षक छपाइ

पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# 'जनशक्ति थप्न सकेनौं, जनताको स्वास्थ्यमा पहुँच पुगेन'

पोखरापत्र संवाददाता
पोखरा, १६ फागुन

नेपालमा ३३ बर्ष पहिले एक हजार ११२ जना चिकित्सकको दरबन्दी थियो। २०४८ सालयता अहिलेसम्म पनि चिकित्सको दरबन्दीको हालत उस्तै छ। संघीयता कार्यन्वयनमा आएपछि प्रदेशले बल्लतल्ल ७०४ चिकित्सकको दरबन्दी थपेका छन्।

२०४८ सालको जनसंख्या १ करोड ८० लाख थियो। पछिल्लो जनगणना अनुसार जनसंख्या बढेर २ करोड ९१ लाख पुग्यो। पछिल्लो चार वर्षमा नेपाल मेडिकल काउन्सिलमा दर्ता भएका चिकित्सकको संख्या ८ हजार ६२४ हो। तीनै मध्यका ६ हजार ३६८ जनाले विदेश जानका लागि असल चारित्रिक प्रमाणपत्र लिएका छन्।

यिनै तथ्याङ्क प्रस्तुत गर्दै पोखरामा जारी १२ औं संस्करणको एनसेल फाउन्डेसन नेपाल लिटरेचर फेस्टिलमा पत्रकार योगेश ढकालले 'स्वास्थ्य सेवामा जनताको पहुँच' अन्तरसंवादको सुरुवात गरे। बिहीबार बिहान भूपी कक्षको पहिलो शेसनको अन्तरक्रियामा सहभागी थिए, स्वास्थ्य तथा जनसंख्या मन्त्री प्रदीप पौडेल, मुटुरोग विशेषज्ञ डा. भगवान कोइराला र मधुमेह तथा हर्मोन रोग विशेषज्ञ डा. सन्तोष शाक्य। स्वास्थ्य मन्त्री पौडेललाई ढकालले प्रश्न गरे, '२२५ दिनमा स्वास्थ्य मन्त्रालयको प्रयोगशालाबाट के-के डायग्नोष्टिक गर्नुभयो ? पेन किलर नै खाएरै ठीक हुनुपर्ने रहेछ की सर्जरी नै गर्नुपर्छ भन्ने देख्नुभयो ?'

स्वास्थ्यमन्त्री पौडेलको जवाफ थियो, 'सर्जरी नै गर्नुपर्छ।' सेवा विस्तार गर्ने सन्दर्भमा केही न केही सुधार भएको उनको दाबी छ। 'अनुभूति दिलाउन केही समय लाग्छ। सिटामोल दिएर हुन्छ या सर्जरी गर्नुपर्छ भन्ने सन्दर्भमा धैरै ठाउँमा सर्जरी गर्नुपर्छ। नीतिगत, व्यवस्थापकीय, लगानीको पक्षमा




हामीले सर्जरी नै गर्नुपर्ने स्थिति देखिन्छ।'

उनले राज्यले सबै क्षेत्रमा जनशक्ति बढाएपनि स्वास्थ्य क्षेत्रमा छुटाएको उनले बताए। 'राज्यले यो बीचमा सबैलाई बढायो। तर, स्वास्थ्यलाई छुटायो। छुटाउनै नहुने पक्षलाई छुटायो। त्यसलाई करेक्सन गर्नुपर्छ', उनले भने, ' अहिले हामी आइसकेपछि मन्त्रलायमा जनशक्ति थप गर्नका लागि मन्त्रिपरिषद्बाट ओएनएम स्वीकृत गराइसकिएको छ। मलाई विश्वास छ, केही समयमा ५०० चिकित्सकको विज्ञापन लोकसेवाले गर्ने स्थिति हामीले बनाउँछौं।' सरकारले ५०० चिकित्सको दरबन्दी सिर्जना गर्न स्रोतका दृष्टिले सम्भव नभएको डा. कोइरालाले जिकिर गरे। त्यसका लागि सार्वजनिक निजि साझेदारी मोडलमा जानुपर्ने उनले सुझाए। 'पाँच सय चिकित्सकको दरबन्दी खोल्न सम्भव छैन। स्रोतको हिसाबले सरकारी पोर्टफोलियोबाट यो दरबन्दी सिर्जना गर्न सकिदैन। त्यसो हुँदा की भाग्नुपर्‍यो की यहींबाट विकल्प खोज्नुपर्‍यो', उनले थपे, 'भाग्ने भनेको देश छोड्ने भन्या होइन। सार्वजनिक निजि साझेदारी किन महत्वपूर्ण छ भने अहिले नेपालमा सफलतापूर्वक चलेका संस्थाहरु यही मोडलमा चलेका संस्थाहरुको उदाहरण दिन सकिन्छ।' नेपाल सरकारले कागजमा भएको व्यवहारमा उतार्न नसकेको यो नीतिलाई कार्यन्वयननको पहल थाल्नुपर्ने बताए। मन्त्री पौडेलले जनशक्तिसँगै उपकरण र पूर्वाधारको सन्दर्भमा पनि सुधार जरुरी रहेको बताए। उनको आग्रह थियो, 'निराशा नबाँडौं धेरै पूर्ण भएको छैन। व्यवस्थित भएको छैन।' उनले जनसंख्या र शहर बढेपनि अस्पतालहरु भने बढ्न नसकेको सुनाए। ' अब शहरहरु धेरै बने। पहिलेका शहरहरुमा मानिसहरु थपिए। तर, अस्पताल र अस्पताललाई चाहिने अरु पक्षहरु हामीले थप्न नसकेको कुरा सत्य हो', उनको तर्क छ। जनसंख्याको अनुपातमा अस्पतालहरु थपिनुपर्नेमा मन्त्री पौडेलको जोड छ। मन्त्री पौडेलले आवश्यकताको आधारमा पहिलो प्राथमिकतामा अस्पताल थप्नुपर्ने बताउछन्। उनी भन्छन्, 'हामीले भनिरहेको समाजवाद स्वास्थ्यभित्र भेटिएन भने कहीं पनि भेटिदैन। नेपालको संविधानमा स्वास्थ्यप्रति जे प्रतिबद्धता जनाइएको छ त्यो पूरा हुन सकेन भने संविधान लागू भएको मान्न सकिदैन। त्यसो हुनाले स्वास्थ्य क्षेत्र एकदमै अपूर्ण छ।' स्वास्थ्यमा जनताको पहुँच बढाउन अर्थ व्यवस्थापनमा जोड दिन डा. कोईरालाको आग्रह छ। 'स्वास्थ्यमा पहुँचको परिभाषाभित्र बहुतत्वहरु पर्छन। पहिलो प्राविधिक क्षमता जनशक्तिदेखि लिएर उपकरण, प्रविधि, पूर्वाधारको सुनिश्चितता हो। सँगसँगै आर्थिक व्यवस्थापन', उनले भने, 'उपचारसँगसँगै मूल्य कस्ले व्यहोर्छ। आजको दिनमा स्वास्थ्यमा कति खर्च हुन्छ ? त्यसको ५४ प्रतिशत खर्च जनताले उपचारको बेलामा खल्ती पटुका कताबाट निकाल्न सकिन्छ त्यताबाट निकालेर बुझाउछन्, यो राष्ट्रिय इस्यु हो।'

कसरी जनताले खल्तीबाट तिर्ने बाध्यतबाट हटाउन चुनौति रहेको उनको भनाइ छ। 'स्वास्थ्यकर्मीमाथि हुने दुर्व्यवहार पनि आर्थिक व्यवस्थापनकै कारण हो। आर्थिक व्यवस्थापन गर्न नसकेसम्म जनतामा स्वास्थ्यको पहुँच अभिवृद्धि हुन सक्दैन', उनले भने। पहुँच पुर्‍याउने ठाउँमा अस्पताल बनाउने र अर्थ व्यवस्थापन गर्न उनको सुझाव छ। नेपालमा विदेशबाट उपकरणसँगै औषधि आयत हुने कारण निजि अस्पतालको सेवा महंगो पर्ने डा. शाक्यले बताए। 'हाम्रो संविधानमा आधार भूत स्वास्थ्य राज्यले व्यवस्था गर्नुपर्नेछ। त्यस्तै स्वास्थ्य सेवामा समान पहुँच हुनुपर्छ भनेर भनेको हो', उनी भन्छन्, 'त्यस्तो भन्दै गर्दा हाम्रो निजि अस्पतालहरुमा समान स्वास्थ्य सेवा, सहुलियत, तिर्नसक्ने दरमा र सहज पहुँच हुन आवश्यक छ।'

स्वास्थ्यमा निजि क्षेत्रले धेरै लगानी गरेको उनले दाबी थियो। 'समान स्वास्थ्य दिनका लागि निजि अस्पताल सेवामूलक भएकाले ठूलो शहरमा बढी पाउँछौ। पूर्वाधारदेखि जग्गाको मूल्यका कारणले पनि निजि अस्पताल धेरै मंहगो भए', कारण पेश गर्दै उनले भने, 'त्यहाँको लगानी धेरै भयो। आधुनिक उपकरणहरु आयतमा आधारित छन्। झन्डै ४५ प्रतिशत मात्रै औषधि नेपालमा उत्पादन हुन्छ। बाँकी विदेशबाट आयात हुन्छ। बाहिरबाट आयत गर्दा लाग्ने करले गर्दा पनि निजि अस्पतालहरु मंहगो हुन गएको हो।' जनताले आफ्नै खल्तीबाट खर्च गर्नुपर्ने भएकाले विदेशका तुलनामा मंहगो भएको डा. शाक्यले उल्लेख गरे। स्वास्थ्य सेवामा गुणस्तरसँगै सहज पहुँच पुर्‍याउन आवश्यक रहेको उनले बताए। 'गुणस्तरमा हामीले विचार गर्नुपर्छ। सँगै सहज पहुँच पनि हुनुपर्छ। हामीले हेर्छौं लामो लाइनमा बसेर उपचार गर्नुपर्ने, अप्रेशनको लागि धेरै महिना कुर्नुपर्नेमा पनि हामीले विचार गर्नुपर्ने देखिन्छ।'

# पोखरामा नेपाल, भारत, चीन प्रदर्शनी: अन्तर्राष्ट्रिय पर्यटन र व्यापारमा नयाँ अवसर

पोखरापत्र संवाददाता
पोखरा, १६ फागुन

पर्यटन राजधानी पोखरामा पहिलोपल्ट आयोजना भएको नेपाल, भारत, चीन प्रदर्शनी, २०२५ नेपाललाई अन्तर्राष्ट्रिय बजारसँग जोड्ने नयाँ अवसर भएको सरोकारवालाले बताएका छन्।

प्यासिफिक एसिया ट्राभल एसोसिएसन (पाटा) नेपाल च्याप्टरको अगुवाइ 'नाइस फर माइस एण्ड मोर' भन्ने नारासहित पर्यटकीय सहर पोखरामा सम्पन्न तीनदिने प्रदर्शनीले तीन देशको पर्यटन उद्योगलाई अन्तर्राष्ट्रिय बजारसँग जोड्ने महत्वपूर्ण अवसर उपलब्ध गराएको पाटाका सदस्य तथा कार्यक्रम संयोजक सुनीलबहादुर भट्टराइले बताउनुभयो। "तीन देशका व्यवसायी र उद्योगलाई एकै स्थानमा ल्याएर व्यापारिक सम्बन्ध विस्तार गर्ने एउटा राम्रो अवसर मिल्यो र कार्यक्रम उद्देश्यअनुसार नै सफल भयो", उहाँले प्रदर्शनीभर व्यापार सम्झौता र नयाँ साझेदारीको नवीनतम सोच र प्रदर्शन भएको बताउनुभयो। प्रदर्शनीबाट महत्वपूर्ण सञ्जाल विस्तार र साझेदारीको अवसर प्राप्त गरेको उहाँको भनाइ थियो। तीन देशका उद्योगलाई आर्थिक सञ्जालको सुदृढीकरण गर्दै, व्यापार र लगानीको नयाँ अवसर सिर्जनाका लागि थप सहजता प्रदान गरेको उहाँले उल्लेख गर्नुभयो।

पाटाका सदस्य दिनेश महर्जनले प्रदर्शनीमा ८५ भन्दाबढी अन्तर ष्ट्रिय खरिदकर्ता, एक सय ५० बिक्रेता र ७५ अन्तर्राष्ट्रिय प्रतिनिधि सहभागी रहेको बताउनुभयो। साथै त्यसअवसरमा छ सयभन्दा बढी प्रतिनिधिहरू सहभागी थिए। पोखरा महानगरपालिका प्रमुख धनराज आचार्यले पोखरा अब अन्तर्राष्ट्रिय व्यापारिक तथा पर्यटन प्रदर्शनीको केन्द्र बन्दै गएको बताउनुभयो। "यस प्रदर्शनीले नेपालमा पर्यटक सङ्ख्यामा वृद्धिसँगै व्यापारिक अवसरहरू सिर्जना गरेको छ", उहाँले भन्नुभयो, "हामीले पोखरा भ्रमण वर्ष २०२५ घोषणा गरेका छौं, अहिले विभिन्न कार्यक्रमले पोखराको पर्यटकीय गतिविधि चलायमान भएको छ।" उहाँले छिमेकी मुलक भारत र चीनका पर्यटकलाई नेपाल भित्र्याउन सके नेपालको अर्थतन्त्रलाई मजबुत बनाउन सकिने धारणा राख्नुभयो। उहाँले भन्नुभयो, "पोखरा भ्रमण वर्ष सफल पार्न माइस पर्यटनमा महानगरले जोड दिएको छ। यो प्रदर्शनीले यसलाइ थप मजबुत बनाएको छ।" उहाँले पोखरा प्राकृतिक सुन्दरतासँगै अन्तर्राष्ट्रिय कार्यक्रमहरु आयोजना गर्ने सम्भावनालाई थप्दै लगेको र यसले नयाँ लगानी भित्र्याउने, पर्यटन पूर्वाधारको विकास गर्ने र रोजगारी सिर्जना गर्ने बताउनुभयो। पोखरा पर्यटन परिषद्का अध्यक्ष तारनाथ पहारीले यस्ता अन्तर ष्ट्रिय कार्यक्रमहरूले पोखराको पर्यटन अर्थतन्त्रलाई प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा टेवा पुर्‍याउने बताउनुभयो। उहाँले भन्नुभयो, "पोखराको विशेषतालाई उजागार गरेर पर्यटन प्रवर्द्धन गर्ने हामी लागेका छौं, यस प्रदर्शनीले पोखरालाई विश्वव्यापी पर्यटन केन्द्रका रूपमा स्थापित गर्न मद्दत गर्नेछ।" उहाँले यस कार्यक्रमले आउने दिनमा अन्तर्राष्ट्रिय उडान विस्तार, पूर्वाधार सुधार र पर्यटनसम्बन्धी विभिन्न क्षेत्रमा दीर्घकालीन फाइदा पुग्ने बताउनुभयो। स्थानीय व्यवसाय, होटल-रेस्टुरेन्ट, ट्राभल एजेन्सी, साना तथा ठूला उद्यममा सकारात्मक प्रभाव पार्ने उहाँको भनाइ छ। कार्यक्रममा 'भिसा सहजीकरण, दिगो पर्यटन र आतिथ्य सेवा' जस्ता विषयमा विज्ञहरूसँग अन्तरक्रिया गरिएको थियो। साथै बी२बी बैठक, प्रदर्शनी र व्यवसाय सञ्जाल विस्तारका कार्यक्रमहरूले अन्तर्राष्ट्रिय व्यापार तथा पर्यटन प्रवर्द्धनलाई विषयलाइ प्राथमिकता दिइएको थियो।

# पोखरामा प्रथम त्रिभुवन स्मृति कप सुरु, शुक्रबार ४ खेल सम्पन्न

पोखरापत्र संवाददाता
पोखरा, १६ फागुन

परिवर्तन युवा क्लब पोखरा २२ को आयोजना र पोखरा हटलाइनको सहआयोजनामा आयोजित प्रथम त्रिभुवन स्मृति कप ५ ए साईड फुटबल प्रतियोगिता २०८१ शुक्रबार देखि सुरु भएको छ। शुक्रबार पहिलो चरणका ४ खेलसम्पन्न भएको क्लवले जनाएको छ।

उक्त कार्यक्रमका प्रमुख अतिथि गण्डकी प्रदेश सांसद प्रकाश बरालले उक्त प्रतियोगिताको उद्घाटन गर्नु भयो। कार्यक्रममा विशिष्ट अतिथि जिल्ला समन्वय अधिकारी नवराज बराल रहनु भएको थियो। प्रतियोगितामा सहभागी कुल २० प्रतियोगी समूहमध्ये शुक्रबार आठवटा समूहको चार खेल सम्पन्न भएका छन्। शुक्रबार भएको आयोजक ए र भ्यु पोइन्ट ए बीचको प्रतिस्पर्धामा भ्यु पोइन्टलाई हराउँदै आयोजक ए समूह विजय भएको छ। त्यस्तै दोस्रो खेलकुद पत्रकार मञ्च र जी स्क्वाड बीच भएको प्रतिस्पर्धामा जि स्क्वाड ले ट्राइ ब्रेकरमा जित हासिस गर्यो। तेस्रो खाल्से एफसी र हार्मोनी टिम




बीच भएको प्रतिस्पर्धामा हार्मोनी टिम विजेता बनेको थियो। शुक्रबार नै भएको चौथो खेलमा हाइवे २२ र टिम पासाङ बीच प्रतिस्पर्धा भएको थियो भने उक्त प्रतिस्पर्धामा टिम पासाङ विजय भएको थियो। बाँकी प्रतिस्पर्धी समूहहरू बीचको खेल शनिबार १० बजेबाट सुरु हुने आयोजक परिवर्तन युवा क्लब तथा खेल संयोजक सुदीप बरालले जानकारी दिएका छन। प्रतियोगिता फागुन १८ गतेसम्म चल्ने भएको छ। नेपाल पत्रकार महासंघका केन्द्रीय सदस्य, पत्रकार महासंघ गण्डकी प्रदेशका सस्थापक अध्यक्ष तथा पोखरा २२ मा रहेको परिवर्तन युवा क्लबका सल्लाहकार स्वर्गीय त्रिभुवन पौडेलको स्मृतिमा उक्त प्रतियोगिता सुरु गरिएको क्लवका अध्यक्ष कमल बरालले बताउनु भयो। यही फागुन १८ गते सम्म पोखरा महानगरपालिका वडा न. २२ को ठुलिबिडीको सिम्लेपाखा खेल मैदानमा उक्त प्रतियोगिता संचालन हुदै छ। २०७९ माघ १ गते पोखरामा भएको यती एअरलाइन्सको जहाज दुर्घटनामा परि दिवङ्गत हुनुभएको पौडेलको स्मृतिमा उक्त प्रतियोगिता पहिलो पटक भएको हो।

## राष्ट्रपति ...

धाम बनाउने उद्धेश्यले करिब ३५ करोडमा निर्माण भएका भौतिक संरचनाको महायज्ञको अवसरमा राष्ट्रपति पौडेलबाट उद्घाटन गरिने भएको महायज्ञ मुल आयोजक समितिका अध्यक्ष प्रेम बहादुर जिसिले बताउनुभयो। कास्कीमा पहिलो पटक राष्ट्रपति पौडेल आउने भए पछि कास्कीको सुरक्षा व्यबस्था मजबुद पारिएको कास्की प्रहरी प्रमुख श्यामबाबु ओलीयाले बताउनु भयो।

सराङ्कोटको डाँडामा रहेको हेलिप्याडमै राष्ट्रपति पौडेल सवार हुने हेलिकोप्टरले अवतरण गर्ने भएको छ। विशाल शिवमन्दिर, नेपालकै पहिलो बिशाल पञ्चमुखी गणेश मुर्ति, भ्यूटावर, १०८ शिव लिङ्ग, १०८ धारा, भुमे कालिका मन्दिर, गणेश मन्दिर, होमन कुण्ड, स्वागतद्धार, बहुउद्देशिय भवन लगायतका भौतिक संरचना सराङ्कोटमा निर्माण भएको प्रचार संयोजक कृष्ण थापाले बताउनु भयो। सराङ्कोट धार्मिक पर्यटन क्षेत्र विकास समितिको नेतृत्वमा २०६१ देखि वृहत गुरुयोजना मार्फत उक्त परियोजना निर्माण हुदै हालसम्म ५ पटक आयोजना भएका महायज्ञ तथा दाताको सहयोग र सरकारको सहयोगमा उक्त संरचना निर्माण भएको समितिले जनाएको छ। महायज्ञका प्रमुख वाचक भागवत् भाष्कर पण्डित कमलनयन गौतम रहनु भएको प्रचार प्रसार सहसंयोजक बलराम तिमिल्सिनाले बताउनु भयो।

सराङ्कोट, आफैमा पर्यटकीय हुदै प्रसिद्ध धार्मिक क्षेत्रको रुपमा समेत विकसित हुदै आएको पोखरा महानगरपालिका वडा नं. १८ का वडा अध्यक्ष शिव प्रसाद तिमिल्सिनाले बताउनुभयो। सराङ्कोट पर्यटकीय गन्तव्य भएको दावी गर्दै उहाँले प्राकृतिक सौन्दर्य र हिमालको सुन्दर दृश्यावलोकनका लागि लोकप्रिय रहेको उहाँले जनाउनु भयो। महायज्ञमा आउने दर्शनार्थीहरुको लागि समितिको पासको आधारमा २ सय रुपैयामै अन्नपूर्ण केवलकारको यात्रा गराउदै आएको अन्नपूर्ण केबुलकारका महाप्रवन्धक दिनेश पौडेलले बताउनुभयो। सराङ्कोट धाममा निर्माण गरिएका सम्पूर्ण संरक्षण बाल उध्यान, योग ध्यान केन्द्र सहित दृष्य अवलोकनका लागि आकाशे शिशाको पुल सहितको थप योजना सम्पन्नको लागि महाउत्सव कोषेढुंगा सावित हुने सचिव दिल बहादुर जिसीले बताउनुभयो।

## स्थानीय ...

भएरै सरकारले उखु किसान, दुग्ध किसानका भुक्तानीमा तदरूकता दिएको बताउनुभयो। उहाँले सहकारीपीडित र मिटरब्याजीको समस्या समाधानमा सरकार लागिपरेको बताउनुभयो।

त्यसैगरी, नेकपा (एमाले) का केन्द्रीय सदस्य एवं लमजुङ इन्चार्ज जमीन्द्रमान घलेले स्थानीय सरकारले अहिलेसम्म गरेका कामको मध्यावधि समीक्षा गर्दै योजना निर्माणमा लाग्न सुझाव दिनुभयो। केन्द्रीय अनुशासन विभागका सदस्य मायानाथ अधिकारीले स्थानीय ससरकारले जनतालाई उत्पादन र रोजगारसँग जोड्नेगरी काम गर्नुपर्ने सुझाव दिनुभयो। गण्डकी प्रदेश कमिटी सचिव धनञ्जय दवाडीले निर्वाचित हुनुभन्दा पहिलेका पालिकाको अवस्था र पछिको अवस्थाबारे जनप्रतिनिधिले ख्याल गरेर काम गर्नुपर्ने बतानुभयो।

गण्डकी प्रदेश सरकार
भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालय
यातायात व्यवस्था कार्यालय सवारी चालक अनुमतिपत्र कास्की
गण्डकी प्रदेश, पोखरा।

सूचना!! सूचना!! सूचना!!!

मिति : २०८१/११/१६ गते

यस कार्यालयवाट सञ्चालन हुने बर्ग A, B, D, E, F र K को सवारी चालक अनुमतिपत्रको प्रयोगात्मक परीक्षामा परीक्षार्थी/आवेदकले मापदण्ड पुगेको आफ्नै सवारी साधन, सवारी दर्ता किताब (ब्ल्यू बुक) र म्याद कायम रहेको तेस्रो पक्ष बीमा सहित उपस्थित भई आफ्नै साधनबाट प्रयोगात्मक परीक्षा दिन चाहेमा सोही साधनबाट प्रयोगात्मक परीक्षा दिन पाउने व्यवस्था गरिएको व्यहोरा सरोकारवाला सवैमा जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

* यस सम्बन्धमा अन्य कुरा बुझ्नु परेमा कार्यालयको फोन नं. ०६१-४६४१११ र मोबाइल नं. ९८५६०१८३३५/९८५६०३८३३५ मा सम्पर्क गरी जानकारी लिन सकिनेछ।

कार्यालय प्रमुख

"आयुर्वेदोऽमृतानाम:"
पोखराको पुरानो र विश्वासिलो आयुर्वेद अस्पताल
माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि
पोखरा-९, नयाँबजार(न्यू विवेक पेट्रोल पम्पको माथि)
०६१-५८९१९४, ९८४४३११९०६, ९८१३६७७७०६

छाला तथा यौन रोगहरुका लागि
महिलाहरुमा : चिसन्तानपन, सेतोपानी बग्ने, योनी चिलाउने, महिनावारीमा गडबडी आदी
पुरुषहरुमा : शिघ्रपतन, यौन सन्तुष्टि नहुने, यौन चाहाना नहुने, स्वप्नदोष, सरुवा यौन रोग, लिंग उत्तेजना नहुने आदी
डा. बिनोद मिश्रा
प्रत्येक महिनाको १२ गते

पायल्स, फिसर, फिस्टुला तथा मलद्वार सम्बन्धी रोगहरुको सफल उपचारको लागि
डा. राजिव घिमिरे
प्रत्येक महिनाको पहिलो शनिबार

जस्तोसुकै (पुरानो/नयाँ) रोगहरुको विशेष आयुर्वेद उपचारको लागि
डा. सुरेश पुर्वे
महिनाको प्रत्येक दिन

उपचार गर्ने रोगहरु :-
१. पायल्स, फिसर, फिस्टुला
२. स्त्री तथा प्रसुति रोग
३. धातु तथा यौन रोग
४. श्वास प्रश्वास सम्बन्धी रोग
५. मृगौलाको पत्थरी
६. अनुहारको कालोपोतो र डण्डीफोर
७. उच्च रक्तचाप
८. सुगर(मधुमेह)
९. नशा तथा हाडजोर्नी रोग
१०. पिनास तथा एलर्जी

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

# 'समाज बुझ्न विद्यार्थीमा पठन संस्कृति महत्वपूर्ण'

**पोखरापत्र संवाददाता**
पोखरा, १६ फागुन




नियमित पाठ्यक्रमबाहेक विद्यार्थीहरूमा अन्य पुस्तक पढ्ने अभ्यान निकै कम देखिन्छ । तर, वर्तमान समाज बुझ्न, कुनै विषयमा धारणा बनाउन विद्यार्थीमा पठन संस्कृतिको विकास आवश्यक रहेको पोखरामा जारी एनसेल फाउन्डेसन नेपाल लिटरेचर फेस्टिभलका वक्ताले जोड दिएका छन् ।

फेस्टिभलको 'विद्यालयमा पठन संस्कृति' शुक्रबार सत्रमा बाल साहित्यकार सुरज उपाध्यायसँगको कुराकानीमा प्याब्सन कास्कीका सचिव सुरेन्द्रमान सिंह भण्डारीले पाठ्यपुस्तकको निर्दिष्ट गन्तव्य हुने भएकाले समाज बुझ्न अन्य पुस्तक पढाउन आवश्यक रहेको बताए । 'हामी हुर्किरहेका समाजसँग संवाद गर्न पठन संस्कृति सबैभन्दा महत्वपूर्ण छ । त्यसले हाम्रो समाजको सभ्यता, समाजको दायरा र धारणाको निर्माण गर्ने हुँदा अपरीहार्य मानेको छु,' उनले भने । विद्यार्थीलाई समाज बुझाउन पछिल्ला वर्षमा कक्षाकोठामा पढाइराख्नेभन्दा पनि अलग कामको प्रयास भइरहेको भण्डारीले सुनाए । पाठ्यक्रम विकास केन्द्रले बनाएको भन्दा बाहिर जान नसक्दा साहित्य पठन सोचेजस्तो नभएको उनको भनाइ थियो । तर, ढिलोचाँडो हालको पढाइ र पाठ्यक्रम परिवर्तन हुने भण्डारीले विश्वास व्यक्त गरे । पठन संस्कृति विकास गर्न परिवार सकारात्मक रहनुपर्ने उनको भनाइ थियो । 'पाठ्यपुस्तक पढ्यो भने खुसी हुने तर त्योलगायत अन्य पुस्तकमा गहिरो अभिरूचि बढिराख्यो, पढ्दै गयो भने पढेको नमान्ने मानसिकता व्याप्त छ,' उनले भने । नवोदिप बोर्डिङ स्कुलका सञ्चालक कौशल्या गुरुङले पठनसंस्कृति विकास घरबाटै गर्न आवश्यक रहेको बताइन् । घरमै अभिभावकले बाल साहित्य ल्याएर दिने, कथा सुनाउनेबाट पठन संस्कृति विकास हुने उनको भनाइ थियो । विद्यार्थीको सोच शक्ति कति ठूलो बनाउने, कस्तो बनाउने भन्ने शिक्षकमा भर पर्ने गुरूङले बताइन् । 'जति शारीरिक रूपमा तन्दरुस्त रहनपर्छ त्यतिकै दिमागलाई क्रिएटिभ हुन, विश्लेषणात्मक हुन पढ्नु एकदमै जरूरी छ,' उनले भनिन् ।

पढ्ने गतिविधिलाई टिकटक, रिल्स र प्रविधिसँग जोड्न सके प्रभावकारी हुने गुरूङको भनाइ थियो । शिक्षालाई संगीतसँग जोड्न सके झनै छिटो विद्यार्थीलाई बुझाउन सकिने भएकाले त्यसलाई प्रोत्साहन गर्न आवश्यक रहेको उनले बताइन् । 'शिक्षालाई पनि संगीतमा ढालेर जति छिटो सम्झन सक्छौं किताब पढेर अलिकति ढिलो हुन्छ । तर किताबको पढाइ गहिरो नै हुन्छ,' उनले भनिन्, 'संगीतमा रूचि हुने क्रिएटिभ हुन्छन् भन्ने अध्ययनले देखाएको छ । बुक फ्री डेको दिनमा टिकटकजस्तै बुक टक भन्ने एप छ । त्यस्तो एप प्रयोग गर्न सकिन्छ ।' हिमालयन बोर्डिङ स्कुलका प्रधानाध्यापक टेकनारायण पौडेलले नेपालमा किताबलाईगलतढंगबाटपरिभाषित गरिएको बताए । विद्यालयको पाठ्यक्रमबाहेक अरू पुस्तकलाई पुस्तक नै परिभाषित नगरिएको उनको भनाइ थियो । 'किताबलाई गलत ढंगबाट परिभाषित गर्‍यौं,' पौडेलले भने, 'पाठ्यक्रम बाहिरको कुरालाई जोड दिने हो भने बुक फ्री भनेको दिनमा साहित्य, कला, रचना वा जीवन बदल्न सक्ने जीवनी जोडेर सिकाउन सक्छौं ।' मनोविज्ञान बुझ्ने, समयानुकूल आवश्यकता पहिचान गर्ने कुरा शिक्षकले बुझेर पठनसंस्कृतिको काममा विकास गर्न आवश्यक रहेको उनले सुनाए । 'बुक फ्री फ्राइडे' भनेर एक दिन खुसी बनाउने र पाँच दिन किताबको बोझ बोकाउनु ठिक नभएको प्रअ पौडेलले बताए ।

# हिमपातका कारण मध्यपहाडी लोकमार्ग अवरुद्ध

**पोखरापत्र संवाददाता**
बागलुङ, १६ फागुन

शुक्रबार बिहानदेखि परेको वर्षा र हिमपातका कारण मध्यपहाडी लोकमार्गको बागलुङ खण्ड अवरुद्ध भएको छ ।

सडकमा जमेको बाक्लो हिउँका कारण लोकमार्गअन्तर्गत बागलुङको निसीखोला-पूर्वी रुकुम खण्ड अवरुद्ध भएको हो । निसीखोला गाउँपालिका-६ पातीहाल्नेमा डेढ फिट हिउँ परेको छ । सडक अवरुद्ध हुँदा पूर्वी रुकुम, पश्चिम रुकुम, जाजरकोट, डोल्पालगायत स्थानबाट सञ्चालन हुने सवारीसाधन ठप्प भएको निसीखोला गाउँपालिका अध्यक्ष सूर्यबहादुर घर्तीमगरले जानकारी दिनुभयो ।

अहिले पनि निरन्तर हिमपात भइरहेको उहाँले बताउनुभयो । "बिहानैदेखि वर्षा भएको थियो, अहिले हिमपात भइरहेकाले तत्कालै सडक खुलाउन सकिने अवस्था छैन ।

हिमपात रोकिएर घाम लाग्यो भने मेसिन प्रयोग गरेर सडक खुलाउनु पर्छ । बिहान काठमाडौँदेखि आएका रात्रि बस सञ्चालन भए पनि अहिले लामो तथा छोटो दूरीका सवारीसाधन सञ्चालन हुनसकेका छैनन्", अध्यक्ष घर्तीमगरले भन्नुभयो ।

नेपालको एकमात्र ढोरपाटन सिकार आरक्षको माथिल्लो भेगमा पनि बाक्लो हिमपात भएको छ । बिहानैदेखि परेको हिमपातका कारण जनजीवन प्रभावित भएको ढोरपाटन नगरपालिका-९ का स्थानीय चकबहादुर अदैले जानकारी दिनुभयो ।

# क्यापिटल म्याक्स सेक्युरिटीज लिमिटेड (ब्रोकर नम्बर ६२) ले पोखरामा शाखा

**पोखरापत्र संवाददाता**
पोखरा, १६ फागुन



क्यापिटल म्याक्स सेक्युरिटीज लिमिटेड (ब्रोकर नम्बर ६२) ले पोखरामा शाखा विस्तार गरेको छ ।

पोखरामा रहेका ग्राहकहरुलाई थप सुविधा होस् भन्ने उद्देश्यका साथ ब्रोकर नम्बर ६२ले पोखराको न्युरोडमा शाखा विस्तार गरेको हो । क्यापिटल म्याक्सका अध्यक्ष अतित लाल श्रेष्ठका अनुसार सेयर लगानीकर्ताको मागअनुसार पोखरामा शाखा विस्तार गरिएको हो । 'हामीले धितोपत्र बोर्डको नियम भित्र रहेर लगानीकर्तालाई बढीभन्दा बढी सेवा सुविधा दिने उद्देश्य अनुरुप पोखरामा पहिलो शाखा खोलेका छौं,' अध्यक्ष श्रेष्ठले भने, ' नेपालको पर्यटकीय राजधानी पोखराका लगानीकर्ताहरुले क्यापिटल म्याक्सबाट सेयर कारोबारका लागि सरल र सहज रुपमा सेवा सुविधा पाउनुहुनेछ भन्ने आशा गरेका छौं ।'

काठमाडौंको कमलपोखरीमा मुख्य कार्यालय रहेको सो कम्पनीले देशका अन्य शहरहरुमा पनि छिट्टै नयाँ शाखा विस्तार गर्ने जानकारी दिएको छ । 'हाम्रो उद्देश्य भनेको देशभरका लगानीकर्ता समक्ष क्यापिटल म्याक्सको सेवा सुविधा सहज रुपमा पुर्याउनु हो,' उनले भने, 'तसर्थ भोलीका दिनमा अझ परिस्कृति सेवा सुविधा लिएर लगानीकर्ता समक्ष आउने छौं ।'

विशेषगरी क्यापिटल म्याक्सले आफ्ना ग्राहकलाई सहजताको लागि अटो कोल्याटर लोड सुविधा अर्थात लगानीकर्ताले सेयर बिक्री गर्नासाथ सो रकम बराबरको लिमिट तुरुन्तै पाउन सक्नेछन भने आफुले सेयर बिक्री गर्दा कति नाफा वा घाटा भयो, ब्रोकरमा आफ्नो नेटवर्थ, लगानी रकमजस्ता विषयको जानकारी तुरुन्तै पाउने सकिने छ ।

यसैगरी कम्पनीले आफ्ना ग्राहकका लागि फ्रि मार्केट ओभरभ्यू, प्राविधिक विश्लेषण,चार्टिङटुल्स,फण्डामेन्टल विश्लेषण टुल्स, फ्लोरसिट तथा ब्रोकर विश्लेशषजस्ता दर्जनौ सेवा सुविधा दिँदै आएको छ ।

# नीति निर्माण तहमा दलित महिलाको प्रतिनिधित्व न्यून

**सुशील दर्नाल**
काठमाडौं, १६ फागुन/रासस

राज्यको नीति निर्माण तहमा दलित महिलाको न्यून सहभागिता रहेको देखिएको छ । आर्थिक, सामाजिक र राजनीतिक रूपमा पछाडि परेका दलित महिलाले विगत आठ दशकदेखि सङ्घर्ष गरे पनि कार्यपालिका (सरकार) व्यवस्थासपका (संसद्) र न्यायपालिका (अदालत)मा दलित महिलाको सहभागिता अत्यन्त न्यून देखिएको छ । दोहोरो विभेदको सिकार बन्दै आएका दलित महिलाले विसं २००३ देखि अधिकारका निम्ति निरन्तर सङ्घर्ष गर्दै आएका छन् । करिब छ दशकपछि मात्रै विसं २०६३ मा पहिलोपटक अन्तरिम व्यवस्थापिका संसद् मा छ जना दलित महिला सांसद भएका थिए ।

त्यसपछि संविधानसभा २०६४ मा २५ जना दलित महिला सांसद भएका थिए । त्यसैगरी २०७० सालको संविधानसभामा आइपुग्दा त्यो घटेर २२ भयो । त्यसैगरी २०७४ सालको प्रतिनिधिसभामा त्यो सङ्ख्या अझै घटेर १४ मा आइपुग्यो । अहिलेको प्रतिनिधिसभामा आठ जनामात्र दलित महिलाको प्रतिनिधित्व छ । दलित, महिला, मधेसीलगायत उत्पीडित समुदायको निम्ति भनेर समानुपातिक व्यवस्था गरिए पनि आर्थिक रूपमा सम्पन्न र राजनीतिक पहुँच भएको व्यक्ति समानुपातिक कोटामा बस्दा संसद्मा दलित महिलाको प्रतिनिधित्व झन्झन् घट्दै गएको नेपाल समाजवादी पार्टी (नयाँ शक्ति)की उपाध्यक्ष दुर्गा सोवको भनाइ छ । राष्ट्रियसभामा दलित महिलाको प्रतिनिधित्व शून्य छ ।

प्रदेशसभातर्फ सात प्रदेशबाट हेर्दा २०७४ सालमा २४ दलित महिला प्रदेश सांसद भएका थिए । प्रदेशसभा २०७९ मा २७ जना दलित महिला सांसद बनेका छन् । सङ्घीय सरकारमा अहिलेसम्म दलित महिला क्याबिनेट मन्त्री बन्न पाएका छैनन् । सरकारमा दलित महिलाको सहभागिता हेर्दा २०६६ सालमा पहिलोपटक कलावती पासवान भौतिक पूर्वाधार तथा निर्माण सहायकमन्त्री बन्नुभएको थियो । त्यसपछि २०६८ सालमा रजनी राम (राज्यमन्त्री), धनमाया विक (राज्यमन्त्री), विमला विक (राज्यमन्त्री), आशा विक (राज्यमन्त्री), सुशीला श्रीपाली ठकुरी (राज्यमन्त्री) र रूपा विक (राज्यमन्त्री) भन्नुभएको छ । प्रदेश सरकारतर्फ हेर्दा पहिलोपटक २०७८ सालमा सीता नेपाली आन्तरिक मामिला तथा कानुनमन्त्री बन्नुभएको थियो । त्यसैगरी, २०७९ सालमा सीताकुमारी सुन्दास आर्थिक मामिलामन्त्री बन्नुभएको थियो । अहिलेसम्म चार जना दलित महिला प्रदेश राज्यमन्त्री बन्नुभएको छ । विसं २०७४ को स्थानीय तहमा दलित महिला उपप्रमुख वा उपाध्यक्षमै सीमिति हुनुपर्‍यो । त्यस समयमा २१ जना महिला उपप्रमुख वा उपाध्यक्ष बनेका छन् । तर २०७९ मा पुग्दा त्यो सङ्ख्या घटेर १२ मा पुगेको छ । जिल्ला समन्वय समितिमा २०७९ मा पाँच जना दलित महिला उपप्रमुख बनेका छन् भने ८९ जना दलित महिला सदस्य भएका थिए ।

त्यसैगरी, सोही साल छ हजार छ सय ३० जना दलित महिला वडा सदस्य भएका थिए । विसं २०७९ मा १३ जना दलित महिला पालिका प्रमुखमा निर्वाचित भएका थिए । बाह्र जना गाउँपालिका अध्यक्ष बनेका छन् । दुई सय २९ जना पालिका उपप्रमुख भएका छन् । तीन सय ३५ जना उपाध्यक्ष भएका छन् । उनान्सत्तरी जना महिला वडाध्यक्ष भएका छन् । छ हजार पाँच सय ९४ दलित महिला वडा सदस्य भएका छन् । राजनीतिक पार्टीमा दलित महिलाको सहभागिता हेर्ने होभने नेपाली कांग्रेसमा चार, नेपाल कम्युनिष्ट पार्टी (एमाले)मा पाँच, नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)मा १८, राष्ट्रिय स्वतन्त्र पार्टीमा दुई, राष्ट्रिय प्रजातन्त्र पार्टीबाट एक, नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी)बाट छ जना केन्द्रीय कार्यसमितिमा हुनुहुन्छ । नेपाल समाजवादी पार्टी (नयाँ शक्ति) एक जनामात्र केन्द्रीय पदाधिकारी (दुर्गा सोव) हुनुहुन्छ । सभासद् लक्ष्मी परियारले दलित समुदायभित्र पनि दोहोरो विभेदमा परेका दलित महिला नै सबैभन्दा बढी विभेद र विभेदको सिकार हुनुपरेको बताउनुभयो ।

ओरेक नेपालले गरेको एक अध्ययनअनुसार पछिल्लो समयमा मुलुकभित्र बढ्दै गएको बलात्कारका घटनामा देशको कुल जनसङ्ख्याको सात प्रतिशत दलित महिला नै सिकार हुने गरेको देखाएको छ । बलात्कार गर्नेमा गैरदलित बढी रहेको अध्ययन देखाएको छ । निजामतीतर्फ दलित समुदायको प्रतिनिधित्व दुई दशमलव आठ प्रतिशत छ ।

त्यसमा पनि दलित महिलाको प्रतिनिधित्व अत्यन्त कमजोर छ । निजामती ऐन बनाएरै प्रशासन संयन्त्र व्यवस्थित गर्न थालिएको ६६ वर्षपछि दलित महिलाबाट सीता परियार हुम्लाको प्रमुख जिल्ला अधिकारी बन्नुभएको थियो । विसं २०७८ को जनगणनाअनुसार नेपालको जनसङ्ख्याको करिब १४ प्रतिशत दलित छन् । समग्रमा कानुनी क्षेत्र (न्यायपालिका) मा पनि दलित महिलाको सहभागिता अत्यन्तै कमजोर छ ।

सङ्घ, प्रदेश र स्थानीय तहका कार्यपालिका, व्यवस्थापिका र न्यायपालिका, संवैधानिक निकाय, प्रतिष्ठान, संस्थान, विभाग, आयोग, प्राधिकरण, निगम, समितिलगायत संरचनामा दलित दलितको सहभागिता अत्यन्त कमजोर देखिन्छ । नेपाल दलित महिला उत्थान सङ्घकी अध्यक्ष विन्दु परियारले राज्यका नीति निर्माण तहमा दलित महिलाको सहभागिता बढाउन राज्यले नीति नै बनाएर व्यावहारिक रूपमा कार्यान्वयन गर्नुपर्ने धारणा राख्नुभयो । संविधानको प्रस्तावना, धारा २४ र ४० को ऐन बनाएर कार्यान्वयन नभएका कारण पनि दलित महिलाको प्रतिनिधित्व घट्दै गएको उहाँको तर्क छ ।


## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : ब्यापारमा लाभ | तुला | : सहयोग मिल्नेछ |
| वृष | : शत्रुको भय | वृश्चिक | : अप्रत्यसित लाभ |
| मिथुन | : झमेला बड्ने | धनु | : सत्कार मिल्नेछ |
| कर्कट | : शुभ यात्रा | मकर | : आर्थिक समस्या |
| सिंह | : स्वास्थ्यमा सुधार | कुम्भ | : शारीरिक झमेला |
| कन्या | : कार्यमा सफलता | मीन | : मानसिक तनाब |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# मनाइयो ग्यालपो (ग्याल्बो) ल्होसार

**रासस**
काठमाडौं, १६ फागुन

प्रत्येक वर्ष फागुन शुक्ल प्रतिपदाका दिन शेर्पा समुदायले मनाउने सांस्कृतिक पर्व ग्याल्पो (ग्याल्बो) ल्होसार विविध कार्यक्रम आयोजना गरी मनाइएको छ ।

नयाँ वर्षका रूपमा शेर्पा समुदायले २१५२ औं ग्याल्पो ल्होसार आज ड्रागन (मेघ) वर्षलाई बिदाइ गरी सर्प वर्षलाई स्वागत गरेर मनाएका हुन् । मुसा, गाई, बाघ, खरायो, ड्रागन (मेघ), सर्प, घोडा, भेडा, बाँदर, चरा, कुकुर र बराह गरी १२ वर्गमा ग्याल्पो (ग्याल्बो) ल्होसारलाई विभाजन गरिएको छ । ल्होसार शब्दले नयाँ वर्ष बुझाउँछ । आजदेखि शेर्पा समुदायको २१५२ औं साल सुरू भएको छ । ग्याल्पो ल्होसार फागुन शुक्ल प्रतिपदादेखि पूर्णिमासम्म विविध कार्यक्रम आयोजना गरी भव्य रूपमा मनाउन परम्परा शेर्पा समुदायमा छ । ग्याल्पो ल्होसार भोटका नवौँ राजा उदे गुङ्यालका पालादेखि वसन्त पर्वका नामले मनाउन शुरू गरिएको हो । समय क्रममा ग्याल्पो ल्होसार नामकरण भएको अनुसन्धाता टीका शेर्पाले बताउनुभयो । विगतमा हिमाली क्षेत्रका १२ जिल्लामा मनाइने ग्याल्पो ल्होसार हाल २२ जिल्लामा मनाइन्छ । शेर्पा जातिको बसाइ सराइसँगै यो पर्व मनाउने जिल्ला बढेको हो । पुस १५ मा गुरूङ समुदायले तमु र माघ शुक्ल प्रतिपदाका दिन तामाङ समुदायले पनि सोनाम ल्होसारका नाममा यो पर्व मनाउँछन् । यस अवसरमा बौद्ध स्तुप र शेर्पा सेवा केन्द्रमा पूजा आजा गरिएको छ । पूजा आराधनासँगै शेर्पा समुदायको सांस्कृतिक नाच एवं भेषभूषा प्रदर्शन हुने गरी कार्यक्रमको आयोजना गरिएको थियो । शुक्रबार सुरू भएको ग्याल्पो ल्होसार शेर्पा समुदायले विविध कार्यक्रम आयोजना गरी १५ दिन अर्थात् फागुन शुक्ल पूर्णिमासम्म मनाउँछन् ।

# उपल्लो मुस्ताङको उच्च लेकमा हिमपात

**रासस**
मुस्ताङ, १६ फागुन

उपल्लो मुस्ताङको उच्च लेकमा शुक्रबार बिहानदेखि हिमपात भएको छ । उच्च हिमाली लेकमा हिमपात भए पनि बस्ती क्षेत्रमा भने हिमपात हुन सकेको छैन ।

उपल्लो मुस्ताङमा यो मौसमको पहिलो हिमपात परेको स्थानीय बताउँछन् । चराङबाट माथि उत्तरी कोरला नाकासम्मको उच्च लेकमा हिमपात भएको अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना इलाका संरक्षण कार्यालय लोमान्थाङका कार्यालय प्रमुख उमेश पौडेलले जानकारी दिनुभयो । उच्च लेकमा हिमपात भएसँगै यहाँका डाँडाकाँडा सेताम्मे हुन थालेका उहाँले बताउनुभयो । "बिहानैदेखि मौसम प्रतिकूल भएकाले हिउँ पर्ने सम्भावना थियो", प्रमुख पौडेलले भन्नुभयो, "बस्तीमाथिको लेकमा हिउँ परे पनि बस्ती क्षेत्रमा भने हिउँ परेको छैन, आंशिक वर्षा भने भएको छ ।" उहाँका अनुसार उच्च लेक र खर्कमा हिमपात भएसँगै बस्ती आसपासका डाँडाकाँडा मनमोहक र सुन्दर देखिएका छन् । "यसअघि बर्सेनि उपल्लो मुस्ताङमा कात्तिकमा हिउँ पर्ने गर्थ्यो । हिउँको समयमा तीन-चारपटकसम्म हिउँ पर्ने गर्दथ्यो । यस वर्ष भने पहिलो पटक हिउँ परेको छ", पौडेलले भन्नुभयो ।

यस क्षेत्रमा हिउँ परेसँगै उपल्लो मुस्ताङ र उत्तरी कोरलानाका अवलोकनका लागि आएका आन्तरिक तथा बाह्य पर्यटक हिउँ खेल्दै रमाइरहेका उहाँको भनाइ छ । यसैगरी मुस्ताङको वारागुङ मुक्तिक्षेत्र गाउँपालिका-१ मुक्तिनाथ क्षेत्रमा पनि सामान्य हिमपात भएको मुक्तिनाथ विकास समितिका कर्मचारी रविन सुवेदीले जानकारी दिनुभयो । उहाँले आज बिहानदेखि सामान्य हिमापात भए पनि तापक्रम बढेकाले हिउँ जमिनमा जम्न नसकेको बताउनुभयो । उहाँका अनुसार मुक्तिनाथमा फागुनको पहिलो साता पनि आंशिक हिमपात भएको थियो । मुक्तिनाथ क्षेत्र र उपल्लो मुस्ताङका उच्च लेकमा आंशिक हिमपात भए पनि तल्लो मुस्ताङमा हिमपात हुन सकेको छैन । हिउँ पर्ने सम्भावना रहेको बताउँदै उत्तरी क्षेत्रमा आएको हुरीबतासले हिउँ पर्न नसकेको जोमसोमका स्थानीय अजित थकालीले बताउनुभयो । मुस्ताङको मौसम प्रतिकूलतासँगै अत्यधिक चिसो बढेको छ । हिउँ परेमा न्यानो महसुस हुने भन्दै हिउँ नपर्दा चिसो बढेकाले जनजीवन थप प्रभावित बनेको उहाँको भनाइ छ । हिउँदयामको अनुकूल समयमा परेको हिउँ किसानका लागि बरदान सावित भन्दै अहिले बेमौसमे हिउँले किसानलाई क्षति पुर्‍याउने स्थानीय थकालीले उल्लेख गर्नुभयो । "गर्मीयाम सुरु हुन लागेको र यहाँको शीतोष्ण हावापानीमा उत्पादन हुने फलफूलमा फूल फुल्न थालेकाले भारी हिमपातले स्याउसहित अन्य अन्नबालीलाई असर पुग्न सक्ने सम्भावन छ", उहाँले भन्नुभयो ।

# मुस्ताङमा पुँजीगत खर्च निराशाजनक

पोखरापत्र संवाददाता
मुस्ताङ, १६ फागुन

यहाँ सञ्चालित प्रादेशिक कार्यालयहरूको चालु आर्थिक वर्षको प्रथम छ महिनाको पुँजीगत खर्च निराशाजनक देखिएको छ भने सङ्घीय कार्यालयको खर्च भने सन्तोषजनक पाइएको छ।

जिल्ला कोष तथा लेखा नियन्त्रक कार्यालयका अनुसार चालु आवका निम्ति विनियोजित बजेटको अनुपातमा यहाँका प्रादेशिक कार्यालयको खर्च निराशाजनक र सङ्घीय कार्यालयतर्फको सन्तोषजक पाइएको हो। सङ्घीयतर्फ साविकका कार्यालय जनशक्ति यथावत परिचालित भएकाले बजेट खर्च सन्तोजन रहे पनि प्रादेशिकतर्फ नयाँ कार्यालय थपिएका, जनशक्ति अभाव र प्रदेशसरकारकोअस्थिरतालगायत कारणले प्रादेशिक खर्च अपेक्षाअनुरुप हुन नसकेको कोष नियन्त्रक जब्बरबहादुर भण्डारीले बताउनुभयो।

चालु आवका लागि सङ्घीय तथा प्रादेशिक कार्यालय र स्थानीय तहका लागि कुल रु तीन अर्ब ७९ करोड ८६ लाख ९० हजार बजेट विनियोजन भएकामा रु एक अर्ब ६६ करोड बजेट खर्च भएको उहाँले जानकारी दिनुभयो। उक्त कार्यालयका अनुसार चालु वर्षका लागि मुस्ताङका पाँच स्थानीय तहलाई रु ९७ करोड ३८ लाख २७ हजार वित्तीय हस्तान्तरण बजेट विनियोजन भएकामा साउनदेखि पुस महिनासम्म ४६ करोड ६५ लाख वित्तीय हस्तान्तरण भइसकेको छ। सङ्घीय कार्यालय र सङ्घीय अनुदान वित्तीय हस्तान्तरणतर्फ रु दुई अर्ब ९२ करोड ३९ लाख बजेट विनियोजन भएकामा समीक्षा अवधिमा रु एक अर्ब ४१ करोड ६१ लाख खर्च भएको छ। यसैगरी चालु आर्थिक वर्षको छ महिनामा रु पाँच करोड ६० लाख ३४ हजार राजस्व सङ्कलन भएको कोष तथा लेखा नियन्त्रक कार्यालयले जनाएको छ। सङ्घीयतर्फ रु चार करोड २८ लाख ७४ हजार तथा प्रदेशतर्फ रु एक करोड ३१ लाख ५९ हजार सङ्कलन भएको हो। उक्त रकम सङ्घीयतर्फका १४ र प्रदेशका नौ वटा वटा कार्यालयले असुल गरेका हुन्।

# बागलुङका छ स्थानीय सरकारको आफ्नै 'सिंहदरबार'

पोखरापत्र संवाददाता
बागलुङ, १६ फागुन

सङ्घीयता लागूपछि बागलुङ १० पालिका भए। त्यसअघि बागलुङ नगरपालिका मात्र अस्तित्वमा थियो।

२०७३ सालमा स्थापना भएका बागलुङका नौ पालिका भाडाको घरमा सञ्चालन भएका थिए। ती मध्ये छ स्थानीय तह आफ्नै भवनबाट सेवा दिन सफल भएका छन्भने गलकोट र जैमिनी नगरपालिकाका भवन निर्माणाधीन छन्। फागुनदेखि ढोरपाटन नगरपालिकाले पनि आफ्नै भवनबाट प्रवाह गर्न थालेको छ। भवन सम्पन्नपश्चात् फागुनदेखि सेवा दिन थालिएको छ। चार करोड ५९ लाख ३४ हजारको लागतमा छ तलाको पक्की भवनबाट सेवा प्रवाह थालिएपछि कार्यालय सञ्चालन खर्च घटेको छ।

काठेखोला गाउँपालिकाले जग्गा टुङ्गो लगाउन सकेको छैन। ताराखोला गाउँपालिकाले सुविधासम्पन्न भवन निर्माण गरेको एक वर्ष पछि बडिगाड गाउँपालिकाले भवन बनाएको हो।

काठमाडौँको सिंहदरबार सङ्घीयतापछिजनताकोसेवाका लागि गाउँमै ठडिन थालेका हुन्। बडिगाड र ताराखोला मात्र होइन तमानखोला, निसीखोला गाउँपालिकारबरेङगाउँपालिकाले पनि आफ्नै भवनबाट सेवा प्रवाह गरिरहेका छन्।

# अनाथ बालबालिकालाई आवासीय सुविधासहित निःशुल्क शिक्षा

पोखरापत्र संवाददाता
गोरखा, १६ फागुन



बारपाक सुलिकोट गाउँपालिकाले आफ्नो कार्यक्षेत्रका अनाथ बालबालिकालाई आवासीय सुविधासहित निःशुल्क पठनपाठनको व्यवस्था मिलाएको छ। गाउँपालिका-६ स्थित बाह्रकोटमा मनास्लु छात्रावास सञ्चालनमा गरेर अभिभावकविहीन बालबालिकालाई खानेबस्ने व्यवस्थासहित निःशुल्क पठनपाठनको प्रबन्ध गरिएको गाउँपालिका अध्यक्ष विष्णुप्रसाद भट्टले बताउनुभयो।

"चालु शैक्षिकसत्रदेखि पालिकाभित्र विद्यालय जान नपाएका अभिभावकविहीन बालबालिकालाई निःशुल्क खान, बस्न र पठनपाठनको व्यवस्था गरेका छौँ", उहाँले भन्नुभयो, "अहिले १९ जना अनाथ बालबालिका गाउँपालिकाले सञ्चालन गरेको छात्रावासमा अध्ययनरत छन्।" छात्रवासमा नौ जना छात्रा र १० जना छात्र छन्। उनीलाई कक्षा १२ सम्म निःशुल्क शिक्षा दिइने जानकारी दिँदै पालिका अध्यक्ष भट्टले भन्नुभयो "बालबालिकाका लागि आवश्यक पर्ने केही लत्ताकपडा, किताबकापी, कलमलगायतका सामग्री इच्छुक दाताहरूबाट सहयोग लिने गरेका छौँ।"

अनाथ बालबालिकालाई निःशुल्क पठनपाठन तथा खानबस्नको व्यवस्थाका लागि गाउँपालिकाले चालु आर्थिक वर्षमा रु १२ लाख विनियोजन गरेको थियो। छात्रवासमा दुई जना महिला कार्यालय सहयोगी, छात्रवास सुरक्षाका लागि सुरक्षाकर्मी र एक जना निरीक्षकको पनि व्यवस्था गरिएको छ।

# सडक सञ्चालनको १६ वर्षपछि रुम्टाखोलामा पुल निर्माण सुरु

पोखरापत्र संवाददाता
बागलुङ, १६ फागुन

बागलुङ र गुल्मी जोड्ने कुस्मिशेरा-बरेङ-शान्तिपुर सडकअन्तर्गत रुम्टाखोलामा मोटरेबल पुल निर्माण भइरहेको छ।

विसं २०६५ मा सडक निर्माण भई यातायात सञ्चालनमा आए पनि जैमिनी नगरपालिका-९ र १० को सीमा क्षेत्रमा पर्ने रुम्टाखोलामा पुल निर्माण हुनसकेको थिएन, जसकारण बर्खाको समयमा यातायात ठप्प हुन्थ्यो। सडक खुलेको १६ वर्षपछि गत वर्षदेखि यहाँ पुल निर्माण सुरु भएको हो। पूर्वाधार विकास कार्यालय बागलुङले गत वैशाख ११ गते सूर्योदय कन्स्ट्रक्सन पर्वतसँग निर्माण सम्झौता गरेर विसं २०८३ वैशाख १० सम्म सम्पन्न गर्नेगरी काम अगाडि बढाइएको कार्यालयका सूचना अधिकारी दिपेश रिगलले जानकारी दिनुभयो। उहाँका अनुसार रु छ करोड नौ लाख ४६ हजार ३६७ लागतमा निर्माण गर्न थालिएको हो। हालसम्म ६० प्रतिशत काम सम्पन्न भइसकेको छ। निर्माण कम्पनीले यही गतिमा काम गरे सम्झौता मितिअगावै काम सम्पन्न हुने कार्यालय प्रमुख सक्ने रिगलले बताउनुभयो।रुम्टाखोलामापुलबनेपछि जैमिनीसहित बरेङ गाउँपालिका र गुल्मीका हजारौँ नागरिकले सहज रूपमा यात्रा गर्न पाउने जैमिनी नगरपालिका उपप्रमुख हरिहर शर्माले बताउनुभयो। दुई जिल्ला जोड्ने प्रमुख सडक भए पनि रुम्टाखोलामा बर्खाका समयमा वर्षौंदेखि सास्ती खेप्नुपरेको र अब चाँडै यो समस्या समाधान हुने उहाँले बताउनुभयो। पुल निर्माणपछि स्थानीय उत्पादनको बजारीकरणमा थप टेवा पुग्ने विश्वास गरिएको उपप्रमुख शर्माको भनाइ छ। "यहाँ पुल बनाउनका निम्ति हामीहरूले धेरै मेहनत गर्‍यौँ, अहिले बल्ल पुल निर्माण सुरु भएको छ। यहाँ पुल नबन्दा बर्खाको समयको यात्रा निकै कष्टकर हुने गर्थ्यो, महिनौँ दिन गाडी बन्द हुने अवस्था थियो। पुल निर्माणपछि यो समस्या सदाका लागि अन्त्य हुनेछ", उहाँले भन्नुभयो।

# हाजी स्व.नसिरुद्धिन मियाँः समुदायको भलाइका लागि समर्पित जीवन

राजेन्द्र भण्डारी

जन्म र मृत्यु प्राकृतिक घटना हुन्। मानिस जन्मसँगै मृत्युलाई पनि सँगै लिएर आएका हुन्छन्। जन्म सत्य हो भने मृत्यु पनि आफैँमा एउटा प्राकृतिक सत्य हो। मानिसको जीवन जिउँदैमा मात्र जीवित हुन्छ भन्ने होइन्। मृत्युपश्चात् पनि कर्मले उसको जीवनलाई धर्तीमा मात्र होइन् पारलौकिक संसारमा समेत सफल बनाउँछ भन्ने विश्वास छ।

कास्की जिल्लाको कुँडहर, मियाँपाटन क्षेत्रमा बसोबास गर्ने विभिन्न जातजातिका समुदायमध्ये मुस्लिम समुदाय एक हो। यही समुदायमा इस्लाम धर्मका अनुयायीको रूपमा आजभन्दा ८७ वर्ष अगाडि बाबा जुम्मेदिन मियाँ र आमा जहुरन मियाँको कोखबाट जन्मिएका नसुरुद्धिन मियाँले वि.सं २०८१ माघ ०९ गते बाट सदाका लागि यस भौतिक संसारबाट बिदा भई अल्लातालाका प्यारा भए। कतिपय मृत्युले युगौँ युगौँसम्म प्रेरणाको छाप छोड्न सफल हुन्छ। मृत्युमा पनि जीवनलाई महान बनाउने श्रेय उसका कर्मलाई जान्छ। अर्नेष्टो हेमिंवे भन्छन्, "हरेक मानिस बाँच्छ र मर्छ। तर ऊ कसरी बाँच्छ ? र कसरी मर्छ ? भन्ने कुराले मानिसको अलग परिचय बनाउँछ।" तसर्थ बाँच्दा र मर्दा एउटा गर्भिलो छाप छोड्नु पर्छ। कर्मको माध्यमबाट जीवनलाई सरल, सहज र उज्यालो बनाउन प्रतिबद्ध पौरखी, मिहनेती र इमान्दार साधक र कर्ममा विश्वास राख्ने दृढ योद्धा हुन् हाजी नसिरुद्दिन मियाँ। आफ्नो समुदायलाई धेरै माया गर्ने र समुदायको भलाइमा समर्पित गर्ने जीवनको नाम हो हाजी नसिरुद्धिन मियाँ। समयभन्दा अगाडि बोलिएका कुरा र मौसमभन्दा पहिले नै टिपिएको फल दुवै बेकार हुन्छन् भन्ने कुरा बुझेका अनुभवी हाजी कम बोल्ने, धेरै सुन्ने र ठिक समयमा मात्र उत्तर दिने स्वभावका थिए। शिरमा सदैव ढाकाटोपी र कुर्ता सुरुवाल तथा जुहारीकोट पहिरनमा सजिने, काँधमा हाजी रुमाल भिर्ने रूचाउने र थोरै मात्रामा दारी पाल्ने सहयोगी मनका धनी हाजी मृदुभाषी, सरल र नरम केवल परिवारको लागि मात्र थिएनन्। पूरा कुँडहर क्षेत्रमा बसोबास गर्ने मुस्लिम समुदायका आँखाका प्रिय नानी थिए। जसको प्रभाव कास्की, स्याङ्जा, तनहुँ साथै नेपालगञ्जसम्म फैलिएको थियो।

जीवन निर्वाहका लागि गरिने कृषिबाट उन्नती हुन सक्दैन भन्ने कुरा बुझेका हाजीले पोखराको लामाचौतारा (हाल मोहरिया टोल) चुरा पोते तथा श्रृङ्गारका सामग्रीबाट प्रारम्भ गरेका व्यापारलाई एउटा उचाइमा पुऱ्याएर सन्तानलाई हस्तान्तरण गरे। प्रगति परिवारमा मात्र होइन, समुदायमा पनि हुनुपर्छ भन्दै समुदायको उत्थानको लागि खेलो हालिदिने, घर चलाउन र चुलो बाल्नको लागि समेत सहयोग गरे। आफूले मात्र बजारमा व्यापार गरेनन्। आफ्ना थुप्रै सहकर्मीलाई पनि बजार लगे। व्यापार सिकाए। प्रेरणा दिए। व्यापार गर्न सिप सिकाउने अनुभवी उद्यमी थिए हाजी नसिरुद्धिन मियाँ। उनी आफ्नो विचार, धर्म र संस्कृतिप्रतिको गर्वले भरिएका थिए। उनले सधैँ सबैलाई समान अधिकार र अवसरको लागि स्वस्थ प्रतिस्पर्धा गर्न प्रेरित गरे। समुदायका लागि गाँस, बाँस र लत्ता कपडाको व्यवस्था मिलाउने कोसिस गरे, इद र बकर इदमा गरिब गुरुवाका घर घरमा गई सहयोग उपलब्ध गराए। शिक्षा, स्वास्थ्य र सामाजिक न्यायको प्रवर्धनमा उनले खेलेका भूमिका अविस्मरणीय छ।



सामान्य शिक्षा आर्जन गरेका हाजीले भारतबाट अरबी तथा उर्दू भाषामा ज्ञान हासिल गरेका थिए। शिक्षाको महत्त्वलाई गहिरसँग बुझेका थिए। सम्पूर्ण समुदायले पनि शिक्षाको उज्यालो किरणको अवसर पाउनु पर्छ भन्ने मान्यताबाट ओतप्रोत भई आफ्ना सहकर्मी हाजी न्यायमत अलि, काजी शेर अलि, हाजी तरावली, हाजी जमालुद्धिन, इमामसाव, साहबुद्धिन मियाँ, जोहर अलि लगायतका समाजसेवीहरूको साथ लिई आफ्नै नेतृत्वमा मौला इस्लामिक प्रा.वि (हाल मौला इस्लामिक मदरसा) को स्थापना गर्नुभयो। सो विद्यालयको व्यवस्थापन समितिको संस्थापक अध्यक्ष भई लामो समय विद्यालय सञ्चालनमा नेतृत्वदायी भूमिका खेल्नु भयो। समुदायमा शिक्षाको विकासका लागि तन, मन र धन समेत अर्पण गर्नुभयो। समुदायबाट उत्तरमा रहेको पोखराको ऐतिहासिक विद्यालय श्री भद्रकाली मा.वि.को भौतिक तथा शैक्षिक विकासका लागि अमूल्य सेवा गर्नुको साथै विद्यालयमा सल्लाहकार सदस्य भएर समन्वयकारी अग्रजको भूमिका निर्वाह गर्नुभयो। हाजी स्व.नसिरुद्धिन मियाँले वि.सं. २००९ सालमा स्थापित अरण्यज्योति पुस्तकालयको विकास तथा उन्नतिका लागि आर्थिक तथा भौतिक सहयोग उपलब्ध गराएर उदारता देखाउनु भयो। पोखरा बहुमुखि क्याम्पसको आजिवन सदस्य बनेर क्याम्पसको विकासमा सहयोग गर्नुको साथै नेपाल क्षयरोग, नेपाल भारत मैत्री सङ्घको सदस्य बनेर सामाजिक क्षेत्रमा सक्रिय रहनुभयो। वि.सं. २०६० सालमा भद्रकाली माध्यमिक विद्यालयले आयोजना गरेको श्रीमद् भागवत ज्ञान महायज्ञ र वि.सं. २०६८ सालमा गणेश तथा भद्रकाली मन्दिर सेवा समितिले आयोजना गरेको महायज्ञमा समेत सहयोग गरेका थिए। जुन सहिष्णुताको अनुपम उदाहरण बन्न पुगेको थियो। धर्म, भाषा, संस्कृति र परम्पराको संरक्षण सम्बर्द्धनबाट नै समाज उन्नतशील र गतिशील हुने हुँदा समाजमा धर्म, भाषा, संस्कृति र परम्पराको संरक्षण र विकासमा प्राथमिकता दिनुपर्छ भन्ने मान्यता राख्थे। पोखरा मियाँपाटनमा रहेको जामे मस्जिदको बृहत्तर विकास, इदगाहको लालपूर्जा प्राप्तीमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्नुका साथै जुवाकोटमा रहेको क्रवस्थानको जग्गा संरक्षण अभियानका अभियन्ता थिए। मुस्लिम धर्म सेवा समिति "अन्जुमन" का अध्यक्ष भएर असल कर्मका लागि सबैसँग अनुरोध गरे। राष्ट्रकै गहना लोक कवि अलिमियाँका लोकभाकालाई सम्झनाको दियोमा उतार्नेदेखि लोककवि अलिमियाँ वाङ्मय प्रतिष्ठानको विकासमा हाजी हनिफ मियाँसँग सहकार्य गर्नुभयो। उनका हरेक कदममा तत्कालीन जनप्रतिनिधि तथा समाजसेवी रहिम मियाँ, हाजी रहिमुल्ला मियाँ लगायतका अन्य व्यक्तित्वका विश्वास प्राप्त थियो। प्रजातन्त्रमा सबै जातजाति, भाषाभाषी तथा सम्प्रदाय संरक्षण हुन्छ भन्ने विचारमा अडिग हाजीले नेपालका प्रजातान्त्रिक आन्दोलनमा समर्थन जनाउनु भएको थियो। प्रजातन्त्रका अनरागी हाजी समुदायभित्र प्रजातन्त्रको दियो बचाई राख्ने प्रजातन्त्रका हिमायती थिए।

समुदायलाई एकताबद्ध बनाएर एउटा सच्चा अभिभावकको शितल छाहरी प्रदान गरेका हाजी स्व.नसिरुद्धिन मियाँ समुदायका एकता, शान्ति र समन्वयका प्रतीक थिए। समुदायका कुला, बाटा, मदरसा, विद्यालय, पानी बत्ती आदिको व्यवस्थापनमा जीवनका धेरै समय खर्चिएका हाजी स्व.नसिरुद्धिन मियाँ एउटा निःस्वार्थ सेवाका मियो थिए। हाजी मियाँपाटनका एउटा सुनौला अनुभवको इतिहास बोकेका र पोखरालाई चिनेका एउटा शालीन र पाका अध्याय हुन्। मियाँपाटनका मुस्लिम समुदायले उनको उपस्थिति एउटा सुरक्षित र प्रेरणादायी अभिभावकत्व प्राप्त र विछोडमा सुरक्षाको कवच गुमाएको महसुस गरेका छन्। उनका उकाली ओरालीका रङ्गी विरङ्गी सम्झना अत्यन्तै प्रितीकर र रुचिकर छन्। सम्झनाका आयामभित्र र सम्बन्धका कोण प्रतिकोणमा उनका सुन्दर र मनोरम स्मृतिका रेखा कोरिएका छन्। मेरा नजरले देखेको र सम्बन्धले चिनेको र मनले बुझेको हाजी स्व.नसिरुद्धिन मियाँ एउटा निम्नस्तरको परिवारमा जन्मी आफ्नै हात पाखुराको भरमा परिवारको उन्नतीदेखि समाजको उत्थानका लागि समर्पित इमानदार कर्मको नाम हो। उनी मियाँपाटन क्षेत्रको आकाशका एउटा चम्किला चाँद हुन्। जुन सधैँ चम्किरहने छ। सेक्सपियरले भने झैँ संसार एउटा नाट्यशाला हो। नाट्यशालामा हामी सबैको भूमिका, समय निश्चित र सत्य छ। यही यथार्थतामा हाजीले आफ्नो भूमिका पूरा गरे साथै अलविदा भए। उनका हरेक अभिनय मियाँपाटनको माटो र समुदायका लागि सजीव र अनुकरणीय छन्। उनले जीवनमा गरेका विविध प्रयोगप्रति मियाँपाटन निवासी समुदाय अनन्तकालसम्म गौरवान्वित महसुस गर्नेछन्। उनको अन्तिम प्रार्थनामा मियाँपाटनको गौरवपूर्ण इतिहासको च्यादर ओढेर इदगाहदेखि कब्रस्थानसम्मको जनासामा (शव यात्रा) देखिएको लामबद्ध मौन अनुहारको साथ र प्रिय अभिभावकको अन्तिम बिदाइमा पनि मियाँपाटन बडो गौरव र स्वाभिमानका साथ मुस्कुराइरहेको छ। यही हो, हाजीले समुदायबाट आर्जन गरेको सबैभन्दा ठूलो कमाइ। उनको यो आर्जन ८७ वर्षे जीवनभरीको अनवरत साधनाको प्रतिफल हो। उनी मुसलमान भएर पनि कहिल्यै कुनै साम्प्रदायिक र अतिवादको परिधिमा रहेनन्। आफ्नो समुदायमा इदको सिमोइ र तिहारको सेलसँग मितेरी लगाए। सौहार्दता, उदारता र सहिष्णुताको बगैँचाका माली भएर बस्नुभयो। सबै समुदायसँग मैत्रीपूर्ण र समसम्बन्ध तथा समभाव साथै असल नियत राख्नुभयो। समुदाय र समाजप्रति सदैव उत्तरदायी बन्नुभयो, सबैको भलाइ गर्नुभयो र जीवनलाई सार्थक बनाउनुभयो।

भनिन्छ, इस्लाम धर्मको अनुयायी भएर जन्मिनु, एक विशेष सांस्कृतिक र धार्मिक पृष्ठभूमिमा बाँच्नको लागि अल्लातालाबाट विशेष अवसर प्राप्त गर्नु हो। जुन हाजी स्व.नसिरुद्धिन मियाँले पनि प्राप्त गर्नुभयो। मुस्लिम समुदायमा जन्मेका व्यक्तिले आफ्ना धर्मका मूल्य र परम्परालाई आत्मसात गर्दै समाजका लागि योगदान गर्ने कोसिस गर्छन्। उनले यसलाई जीवनको अभिन्न अङ्ग बनाउनुभयो र पूरा पनि गर्नुभयो। उनी आफ्ना मुस्लिम दाजुभाइ तथा दिदीबहिनीका प्रतिष्ठा र सच्चा नेतृत्वकर्ता थिए। उनी दृढ मुसलमान मात्र नभएर समाजका प्रेरक अभिभावक, मित्र र सहानुभूतिका प्रतीक थिए। उनले मुस्लिम दाजुभाइ तथा दिदीबहिनीहरूको विकास र उत्थानका लागि इमान्दार भएर सेवा गरे। समाजका सबै जात र वर्गका मानिसलाई एकसाथ मिलाई एउटा सशक्त र सहिष्णु समाज निर्माण गर्ने सतत् प्रयास गर्नुभयो। उनका योगदानको सुगन्धलाई वर्तमानमा संचार गराउनु र भविष्यलाई हस्तान्तरण गर्नु हाम्रो कर्तव्य हो।

अन्तमा, शितल, कोमल र मिलनसार भई सबैलाई समेटी काम गर्ने सिद्धान्तप्रति दृढ रहने, सामाजिक कार्यमा अग्रसरता देखाउने, समुदायमा शिक्षा अनि धर्मको माध्यमबाट कर्म गर्न सिकाउने, सामाजिक कार्य भनेपछि हुरुक्कै हुने र विकास निर्माणमा लगनशील तथा प्रतिबद्ध भई लाग्ने उहाँका प्रिय गुण हुन्। हामी सबैले एकजुट भएर हाजी स्व.नसिरुद्धिन मियाँका योगदानप्रति उच्च सम्मान प्रकट गरौँ र उनले देखेका सपनाभित्रको सहिष्णु र एकतामय समाजको निर्माण तथा समुदायको आर्थिक उन्नतिलाई साकार पार्ने अभियानमा एकबद्धता जनाऔँ। यही नै उहाँप्रति सच्चा श्रद्धाञ्जली हुनेछ। सम्झनाको यो क्षणलाई विश्वास र प्रेम गरौँ। जसले हाम्रो समुदायलाई मजबुत बनाउँछ। एउटा कोमल र गुणी व्यक्तिको सम्झनामा लेखिएको लेख अञ्जुलीमा राख्दै सम्मानपूर्वक हाजी स्व.नसिरुद्धिन मियाँप्रति नै अर्पण गर्न चाहन्छु। श्रद्धा सुमन व्यक्त गर्दछु। हाजी स्व.नसिरुद्धिन मियाँको ४० औँ दिनको श्रद्धाञ्जली कार्यक्रममा व्यक्त लेखकका निजी विचार)

# हिमपातले मनास्लु क्षेत्रमा पुगेका पर्यटकलाई पदयात्रामा कठिनाइ

पोखरापत्र संवाददाता
पोखरा, १६ फागुन

बाक्लो हिमपातका कारण उत्तरी गोरखाको मनास्लु क्षेत्रमा घुम्न पुगेका पर्यटकलाई पदयात्रामा कठिनाइ भएको छ। शुक्रबार बिहानदेखि चुमनुब्री गाउँपालिका-१ साम्दोसहित सामागाउँ, ल्हो, स्याला र आसपासका क्षेत्रमा बाक्लो हिमपात भएपछि पर्यटक होटलमा आश्रय लिएर बसेका छन्।

चुमनुब्री-१ का वडाध्यक्ष कर्माछेवाङ लामाले लार्केपास गर्न हिँडेका पर्यटक हिमपातले गर्दा साम्दो गाउँमा रोकिएका बताउनुभयो। "साम्दोमा रहेका होटल जम्मालमा १४ जना पर्यटकले आश्रय लिएर बसिरहेका छन्", होटलका सञ्चालक निमादोर्जे लामाले भन्नुभयो, "होटल याक र धर्मशालामा गरी थप नौ जना पर्यटक लार्केपासतर्फ जान नसकी रोकिएका हुन्।" पर्यटक जोखिम मोलेर पदयात्रा गर्न नचाहने भएकाले होटलमा आश्रय लिएर बसेका उहाँले बताउनुभयो। अहिले त्यस क्षेत्रमा जमिनबाट करिब १० इन्चजति बाक्लो हिउँ जमेको स्थानीयवासी वीरबहादुर लामाले जानकारी दिनुभयो। बाक्लो हिमपातका कारण अत्यधिक चिसो बढेको र जनजीवन प्रभावित भएको उहाँको भनाइ छ। तत्काले हिमपात रोकिने कुनै अवस्था नरहेकाले पर्यटक अझै केही दिन साम्दोमा रोकिनुपर्ने हुनसक्ने अनुमान गरिएको छ। विशेषगरी बालबालिका र वृद्धवृद्धा चिसोका कारण घरबाहिर निस्कन नसक्नुका साथै दैनिक काम गर्न र स्थानीवासीलाई घाँसदाउरा गर्न कठिनाइ भएको लामाले बताउनुभयो।